HUMAN RIGHTS AND JUSTICE CENTRE

# स्मरण र सहनशीलताको प्रतिध्वनि

## न्यायको मागको साक्षी

# ECHOES OF REMEMBRANCE AND RESILIENCE

*Bearing Witness, Demanding Justice*



©Dikshya Adhikari | HRJC

बलपूर्वक बेपत्ता पारिएका पीडितहरूको १५ औँ अन्तर्राष्ट्रिय दिवस

15th International Day of the Victims of Enforced Disappearances

Venue: Hotel Landmark, Durbarmarg, Kathmandu

हयुमन राइटस् एण्ड जस्टिस सेन्टर

HUMAN RIGHTS AND JUSTICE CENTRE

# Contents


## स्मरण र सहनशीलताको प्रतिध्वनि

*न्यायको मागको साक्षी* ........ १-२

## ECHOES OF REMEMBRANCE AND RESILIENCE

*Bearing Witness, Demanding Justice* ........ 1-2



**Curated by:** Ojaswi K.C, Senior Human Rights Officer.
**Supported by:** Anuradha Thapa, Intern; Rajeshree Bista, Finance and Administration Coordinator; Dikshya Adhikari, Human Rights Officer; and Kapil Aryal, Technical Advisor/Team Leader.

हयुमन राइट्स
एण्ड जस्टिस सेन्टर

# स्मरण र सहनशीलताको प्रतिध्वनि

## *न्यायको मागको साक्षी*

बलपूर्वक बेपत्ता पारिएका पीडितहरूको अन्तर्राष्ट्रिय दिवसको अवसरमा हामी तपाईंलाई बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको स्मृतिमा बनेको स्मारकको साक्षी बन्न, उनका प्रियजनहरूको सहनशीलता र सङ्घर्षलाई सम्मान गर्न र हाल नेपालमा चलिरहेको संक्रमणकालीन न्यायप्रति पीडितहरुको प्रतिकृया र उहाँहरुको ऐक्यबद्धता बारे चिन्तन गर्न आमन्त्रित गर्दछौं। भोली जब दीप प्रज्वलन समारोह आयोजना गरिनेछ, हामी तपाईंलाई यस प्रदर्शनीमा राखिएको तोरण समाउन र मानव श्रृंखला बनाउन अनुरोध गर्दछौं। हामीले यसबाट प्रतिकात्मक रूपमा एउटा व्यक्तिलाई  बेपत्ता पारिंदा सो कुरा सम्पूर्ण परिवार, समुदाय र राष्ट्रमा कसरी प्रतिध्वनित हुन्छ भन्ने  देखाउन खोजेका छौं।

**प्रेरणा र सांस्कृतिक जग**

नेपालको समृद्ध सांस्कृतिक सम्पदामा जडिएको यस प्रदर्शनीले सरकारको 'नेपाली शैली' मा संक्रमणकालीन न्याय दिने वाचाप्रति चिन्तन गर्न आग्रह गर्दछ। धेरैका लागि सो शब्दले आशा, अस्पष्टता र त्यसको अर्थबारे प्रश्नहरू बोकेका छन्। प्रदर्शनीले बलपूर्वक बेपत्तापनको नसुल्झिएको प्रभाव झल्काउन सांस्कृतिक प्रतीकहरूलाई नयाँ दृष्टिकोणबाट प्रस्तुत गर्दछ र चलिरहेको जवाफदेहिताको मागलाई सांस्कृतिक प्रतीकवादको साथ जोडेर 'नेपाली शैली' मा न्यायको खोजी कस्तो हुन सक्छ भन्ने कुरा पनि खोजी गर्दछ।

यस प्रदर्शनीको केन्द्रमा तोरण छ। तोरण नेपाली वास्तुकलामा प्रयोग हुने परम्परागत सजावटी प्रवेशद्वार हो। सामान्यतया, तोरणमा दुईवटा स्तम्भ वा खम्बामा राखिएको एक आडेदार भाग हुन्छ, जुन प्रायः काठ वा ढुङ्गाको बनाइन्छ र यसमा अम्बाका पात, बिरुवा वा अन्य प्राकृतिक आकृतिहरूको झुण्डिएको सजावट हुन्छ। तोरण घरको ढोकामा वा भित्तामा झुण्ड्याउन सकिन्छ। यी सांस्कृतिक प्रतिकहरूलाई जीवित अनुभवमा रूपान्तरण गरेर स्मृतिलाई न्यायको खोजसँग जोड्दै, यस प्रदर्शनीले आगन्तुकहरूलाई हानी, सहनशीलता, र सामूहिक कदमका कथाहरूको यात्रा गराउँछ।

**प्रदर्शनीका विशेषताहरू:**

- दुई पानसः यी परम्परागत पित्तलका पानसले प्रदर्शनीको सुरुवातलाई जनाउँछ। पहिलेका समयमा घर र मन्दिरहरूलाई उज्यालो पार्न र सामान्यतः शुभ सुरुवातको प्रतीकको रूपमा प्रयोग गरिने यी पानसहरु यहाँ न्यायको लागि चलिरहेको सङ्घर्षको प्रतीकको रूपमा राखिएका छन्।
- दुई बाँसका ह्याङ्गर: नेपाली घरहरुमा सामान्यतया प्रयोग हुने यी साधारण ह्याङ्गरहरूमा बेपत्ता पारिएका व्यक्तिहरूको उपस्थिति जनाउने तस्वीर, स्मृति चिन्ह र वस्तुहरू झुण्ड्याइएका छन्। यी दुवै ह्याङ्गरहरूले स्तम्भ र आधारको रूपमा काम गर्दै बेपत्ता पारिएकाहरूको अनुहार प्रदर्शन गर्छन्। प्रत्येक तस्वीरले जीवन, स्मृति र परिवारहरूलाई अहिले सम्म पनि सताउने प्रश्नहरूको प्रतिनिधित्व गर्दछ। संयुक्त रूपमा यीनले जबरजस्ती बेपत्ता पारिएकाहरूलाई समर्पित 'अनुपस्थितिको तोरण' बनाएका छन्। माथि राखिएको सङ्ख्याले यस अपराधको भयावह परिमाण देखाउँछ, जसले यी जीवनहरू निजी स्मृति वा सार्वजनिक चेतनाबाट मेटाउन सकिदैन भन्ने कुराको कडा सम्झना गराउँछ।
- तोरण र प्रवेशद्वार: यस तोरणमा पीडितहरूका विज्ञप्ति, रिट याचिकाहरू, नागरिक समाजका साझा पत्रहरू र संक्रमणकालीन न्यायसम्बन्धी समाचार सामग्रीहरू प्रदर्शित गरिएका छन्। एक २-आयामिक (2D) अवधारणात्मक प्रवेशद्वारले

संक्रमणकालीन न्याय केवल व्यक्तिगत संघर्ष मात्र नभई सार्वजनिक कदम र राज्यको जवाफदेहिता आवश्यकता भएको सामूहिक जिम्मेवारी हो भन्ने जनाउँछ।

- दुई नेपाली नक्साहरू: प्रवेशद्वारको केन्द्रमा राखिएका यी नक्साहरूले बेपत्तापनबाट प्रभावित नेपाल देखाउँछ र न्यायको खोजी गर्ने राष्ट्रको साझा जिम्मेवारीको स्मरण गराउँछन्।

HUMAN RIGHTS AND JUSTICE CENTRE

# ECHOES OF REMEMBRANCE AND RESILIENCE

*Bearing Witness, Demanding Justice*

On the occasion of the International Day of the Victims of Enforced Disappearances, we invite you to witness the memorial of the lives that were forcibly disappeared, honor the resilience of their loved ones, and reflect on the ongoing solidarity and pursuit of transitional justice in Nepal. Later, when the candle-lit ceremony is held, we invite you to hold the toran from this installation and form a human chain. We attempt to symbolize how the disappearance of one person reverberates across entire families, communities, and the nation.

**Inspiration and Cultural Roots**

Rooted in Nepal's rich cultural heritage, this exhibition invites reflection on the government's promise to deliver transitional justice in a 'Nepali style.' For many, this phrase carries hope, ambiguity, and questions about its meaning. By engaging with this claim, the installation reinterprets familiar cultural symbols to reveal the unresolved impact of enforced disappearances and explores what pursuing justice in a 'Nepali style' could look like, blending heritage, symbolism, and the ongoing demand for accountability.

Central to the exhibition is the "*Toran*". Toran is a decorative gateway traditionally used in Nepalese architecture. A toran typically consists of a cross-piece resting on two uprights or posts, often sculpted from wood or stone, with hanging pieces that may resemble mango leaves, plants, or other natural motifs. Torans can be tied over doorways or hung on walls. These cultural symbols are transformed into a living experience for visitors, guiding them through stories of loss, resilience, and collective action while connecting memory to the ongoing pursuit of justice.

**Installation Features**

- Two Panas: These traditional brass oil lamps mark the opening of the exhibition. Once used to light homes and temples and to symbolize auspicious beginnings, they are now reclaimed as symbols of the ongoing fight for justice.
- Two bamboo hangers: Common household items in Nepal, these serve as the base for photographs, memorabilia, and objects that evoke the presence of those who have disappeared. Both hangers act as pillars and foundations, displaying the faces of the disappeared. Each photograph represents life, a memory, and questions that continue to haunt families. Together, they form the torans of absence, a tribute to those lost to enforced disappearances. A number at the top shows the scale of this atrocious crime, a stark reminder that these lives cannot simply be erased, whether from private memory or public consciousness.
- Toran and Archway: The toran displays victim statements, writs, joint civil society letters, and media reports on transitional justice. A 2D conceptual archway shows that transitional justice is not only a personal struggle but a collective responsibility requiring public action and state accountability.

- Two Nepali maps: Placed at the center of the archway, these maps show the nation affected by disappearances and remind visitors of the nation's shared responsibility to pursue justice.

**SUPPORT OUR WORK! DONATE!**

Human Rights and Justice Centre

Sunrise Bank Ltd. 0020388247701001

**VISIT US**

Jwagal-10, Kupondole

Lalitpur, Nepal

©HRJC 2025. All rights reserved.

For more information:

+977 9819033495

contact@hrjc.org.np

https://www.hrjc.org.np

https://tinyurl.com/2ym9byf2

https://www.facebook.com/HRJCNepal